**५. बैंङ्क तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार के कस्ता कार्यहरूलाई यस ऐनको उल्लंघन गरेको (कसुर गरेको) मानिने व्यवस्था छ?**

बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७० मा उल्लेख भए अनुसार देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-

(क) कसैले इजाजतपत्र नलिई वा इजाजतपत्रको शर्त विपरीत हुने गरी वित्तीय कारोबार गरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन विपरीत हुने गरी निक्षेप लिएमा वा कर्जा दिएमा वा डिबेन्चर वा अन्य वित्तीय उपकरण जारी गरेमा वा राष्ट्र बैङ्कले तोके विपरीत हुने गरी ब्याज लिने दिने गरेमा वा प्रचलित कानून वा सो ऐन अन्तर्गत जारी गरिएका आदेश वा निर्देशन विपरीत विदेशी विनिमय कारोबार गरेमा,

(ख) इजाजतपत्रप्राप्त संस्थाको वित्तीय कारोबार, हिसाब किताब, खाता वही, श्रेस्ता वा लेखाको गोपनीयता कायम राख्नु पर्ने जिम्मेवारी भएका पदाधिकारीले त्यस्तो गोपनीयता कायम नराखेमा,

(ग) खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक कसैले ऐन वा ऐन अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन उल्लंघन गरेमा ।

**५. बैंङ्क तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ को उल्लंघन गरेमा के कस्तो सजाय हुने व्यवस्था रहेको छ? उल्लेख गर्नुहोस् ।**

बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७१ मा देहायका कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुने व्यवस्था रहेको छ :-

(क) कसैले ऐन बमोजिम इजाजतपत्र नलिई वित्तीय कारोबार गरेमा उक्त कारोबारसँग सम्बन्धित बिगो जफत गरी बिगोको तीन गुणासम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै ।

(ख) कसैले ऐन वा प्रचलित अन्य कानून विपरीत विदेशी विनिमय कारोबार गरेमा बिगोको तीन गुणासम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै ।

(ग) कसैले ऐन वा ऐन अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन विपरीत हुने गरी निक्षेप लिएमा वा कर्जा दिएमा वा डिबेन्चर वा अन्य वित्तीय उपकरण जारी गरेमा वा राष्ट्र बैङ्कले तोके विपरीत हुने गरी ब्याज लिने दिने गरेमा बिगोको दुई गुणासम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै ।

(घ) ऐन वा ऐन अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन बमोजिम इजाजतपत्रप्राप्त संस्थाको वित्तीय कारोबार, हिसाब किताब, खाता वही, श्रेस्ता वा लेखाको गोपनीयता कायम राख्नु पर्ने जिम्मेवारी भएका पदाधिकारीले त्यस्तो गोपनीयता कायम नराखेमा त्यस्तो पदाधिकारीलाई पाँच लाख रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै ।



Question Bank Nepal

(ङ) बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन उल्लंघन हुने कसूर गरेमा निजलाई त्यस्तो कसूरसँग सम्बन्धित बिगो जफत गरी बिगो बमोजिमसम्मको जरिबाना वा एक वर्षसम्म कैद वा दुवै ।

(च) कसैले ऐन विपरीत गरेको काम कारबाहीको सिलसिलामा बिगो जफत गरी बिगो कायम गर्न नसकिने अवस्था भएकोमा कसूरको मात्रा हेरी बढीमा दश लाख रूपैयाँसम्मं जरिबाना वा एक वर्षसम्म कैद वा दुवै ।

**✍ राष्ट्र बैङ्कको नियमन उल्लंघन गरेमा के कस्तो सजाय हुने व्यवस्था रहेको छ उल्लेख गर्नुहोस् ।**

बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा: ७४ मा यो ऐन वा सो अन्तर्गत बनेको नियम वा विनियम अन्तर्गत राष्ट्र बैङ्कले जारी गरेको आदेश वा निर्देशनको इजाजतपत्रप्राप्त संस्थाले उल्लंघन गरेमा त्यस्तो इजाजतपत्रप्राप्त संस्थालाई नियमन उल्लंघनको गाम्भीर्यता हेरी राष्ट्र बैङ्कले देहाय बमोजिमको सजाय गर्न सक्ने व्यवस्था रहेको देखिन्छ :-

(क) सचेत गराउने वा लिखित चेतावनी दिने,

(ख) सुधारात्मक कदम चाल्नका लागि सञ्चालक समितिलाई कबुलियतनामा गराउने,

(ग) बारम्बार हुने उल्लंघन अन्त गर्न, त्यसबाट अलग रहन र सुधारात्मक कदम चाल्नका लागि लिखित आदेश जारी गर्ने,

(घ) इजाजतपत्रप्राप्त संस्थाले आफ्नो शेयरधनीलाई दिने लाभांशको वितरण वा बोनस शेयर जारी गर्न वा दुवै कार्य गर्नमा प्रतिबन्ध लगाउने ,

(ङ) इजाजतपत्रप्राप्त संस्थाले स्वीकार गर्न सक्ने निक्षेप वा दिन सक्ने कर्जा वा दुवै कार्य गर्नमा प्रतिबन्ध लगाउने,

(च) इजाजतपत्रप्राप्त संस्थाको कारोबारमा आंशिक वा पूर्ण प्रतिबन्ध लगाउने,

(छ) इजाजतपत्रप्राप्त संस्थाको इजाजतपत्र निलम्बन वा रद्द गर्ने,

(ज) इजाजतपत्रप्राप्त संस्था खारेज गर्न पुनरावेदन अदालतमा निवेदन दिने ।

**✍ के कस्तो अवस्थामा कुनै बैंङ्क वा वित्तीय संस्थाको हिसाब किताब, खाता बही, श्रेस्ता र लेखाको विवरण सम्बन्धित व्यक्ति बाहेक अरुलाई दिन सकिने व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**

बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७९ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रप्राप्त संस्था र ग्राहकबीचको सम्बन्ध तथा इजाजतपत्रप्राप्त संस्थाको हिसाब किताब, खाता बही, श्रेस्ता र लेखाको विवरण सामान्यतया सम्बन्धित व्यक्ति बाहेक अन्य कसैलाई थाहा दिइने छैन तर देहायको अवस्थामा त्यस्तो विवरण दिइएमा गोपनीयता भङ्ग गरेको नमानिने व्यवस्था रहेको छ ।

Question Bank Nepal

(क) नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ वा यो ऐन वा सो अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन बमोजिम राष्ट्र बैङ्कलाई दिइएमा,

(ख) मुद्दा वा अन्य कानूनी कारवाहीको सिलसिलामा अदालतलाई दिइएमा,

(ग) कानून बमोजिम अधिकारप्राप्त अनुसन्धान तहकिकात गर्ने वा अभियोजन गर्ने अधिकारीलाई तहकिकात वा अभियोजनको सिलसिलामा दिइएमा,

(घ) लेखापरीक्षणको सिलसिलामा लेखापरीक्षकलाई दिइएमा,

(ङ) लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षकले उल्लेख गरेकोमा,

(च) जाँचबुझको सिलसिलामा जाँचबुझ समितिलाई वा प्रचलित कानून बमोजिम अधिकारप्राप्त अनुसन्धान अधिकारीलाई दिइएमा,

(छ) द्विपक्षीय वा बहुपक्षीय सन्धिको आधारमा दुई वा दुईभन्दा बढी मुलुकबीच बैङ्किङ्ग सूचना आदान प्रदान भएकोमा,

(ज) इजाजतपत्रप्राप्त संस्थाहरूबीच कर्जा सूचना आदान-प्रदान गर्ने सिलसिलामा दिइएमा,

(झ) कुनै खास प्रकृतिको अपराध अनुसन्धान को सिलसिलामा कारण समेत खुलाई कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाममा इजाजतपत्र प्राप्त संस्थामा रहेको खाताको कुनै विवरण वा इजाजतपत्रप्राप्त संस्थाको खाताको विवरण माग गरी नेपाल सरकार, अर्थ मन्त्रालयबाट अनुरोध भई राष्ट्र बैङ्कले निर्देशन दिएमा ।

**[illegible] इजाजतपत्रप्राप्त संस्थामा रहेको निक्षेपउपरको हक दावी सम्बन्धमा के कस्तो कानुनी व्यवस्था रहेको छ ? उल्लेख गर्नुहोस् ।**

बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ उल्लेख भए अनुसार इजाजतपत्रप्राप्त संस्थामा रहेको निक्षेपउपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरू कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्तिमध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेपउपर पहिलो हक दावी लाग्नेछ :-

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री,

(ग) सगोलको बाबु, आमा, छोरापट्टिको नाती वा नातीनी,

(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,

(ङ) सगोलको बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी वा बहिनी,

(च) सगोलको भतिजा, भतिजी, सौतैनी आमा, भिन्न बसेको छोरापट्टिको नाती वा अविवाहिता नातिनी,

Question Bank Nepal

(छ) सगोलको काका, विधवा काकी, भाउज्यू, भाई बुहारी वा नातिनी बुहारी,

(ज) भिन्न बसेको दाजु वा भाई,

(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा बुहारी, नातिनी बुहारी वा भतिजा ।

## (३) बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ (Banking Offence and Punishment Act, 2064)

**बैंकिङ्ग कसुर तथा सजाय ऐन किन तर्जुमा गरिएको हो ?**

ऐनको प्रस्तावनामा उल्लेख भए अनुसार बैङ्क तथा वित्तीय संस्थाको कारोबारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैङ्क तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैङ्क तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्न बैङ्किङ्ग कसूर तथा सजायका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले यो ऐन २०६४।१०।२३ मा जारी भएको हो । यो ऐन नेपालभर र नेपालमा बैङ्किङ्ग कसूर गरी विदेशमा रहे बसेको जुनसुकै व्यक्ति वा संस्था समेतलाई लागू हुन्छ ।

**बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ ले के कस्ता कार्यहरूलाई बैंकिङ्ग कसुर मानेको छ ?**

यस ऐनको परिच्छेद २ को दफा ३ देखि १४ सम्म बैकिंग कसुर हुने कुराहरू रहेका छन् । यी प्रावधानहरूमा उल्लेख भए अनुसार निम्न कार्य वा क्रियाकलापहरू भएमा बैंकिंग कसुरको भएको मानिन्छ :

३. अनधिकृत रूपमा खाता खोल्न वा रकम भुक्तानी माग गर्ने,

४. अनधिकृत रूपमा चेक, चेकबुक वा बैङ्क विवरण प्राप्त गर्ने वा दिने,

५. अनधिकृत रूपमा रकम निकाल्ने वा भुक्तानी दिने,

६. विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने,

७. अनधिकृत रूपमा कर्जा लिने वा दिने,

८. लिएको कर्जाको दुरुपयोग गर्ने,

९. बैङ्किङ्ग स्रोत, साधन र सम्पत्तिको दुरुपयोग गर्ने,

१०. भाखा नाघेको ऋणीले कुनै पनि बैङ्क मा खाता खोली सम्पत्ति प्राप्त गर्ने वा कारोवार गर्ने,

११. ऋणीको चालू परियोजनालाई नोक्सान हुने गरी ऋण वा सुविधा रोक्ने,

१२. कागजात वा खाता बही सच्याई कीर्ते वा जालसाजी गरी हानि नोक्सानी पुऱ्याउने,

१३. बैंकिङ्ग प्रयोजनका लागि बढी, कम वा गलत मूल्यांकन गर्ने,

१४. अनियमित आर्थिक तथा वित्तीय कारोबार गर्ने वा गराउने ।

Question Bank Nepal

**✍ कस्तो कारोवारलाई अनधिकृत रूपमा गरिएको कार्य अन्तर्गत बैंकिङ्ग कसुर मानिन्छ ?**

ऐनको दफा ३, ४ र ५ मा उल्लेख भए अनुसार कसैले बैङ्क वा वित्तीय संस्थामा खाता खोल्दा वा रकम भुक्तानी माग गर्दा, चेक, चेकबुक वा बैंङ्क विवरण प्राप्त गर्दा वा बैंङ्क बाट रकम निकाल्दा वा भुक्तानी गर्दा देहायको कार्य गरेमा अनधिकृत रूपमा गरिएको कार्य वा कारोवारलाई अनधिकृत बैंकिङ्ग कसुर अन्तर्गत राखेको देखिन्छ :

(क) नक्कली कागजात पेश गरी खाता खोल्ने वा जानी जानी खाता खोलिदिने,

(ख) कानून बमोजिम बाहेक काल्पनिक वा अन्य व्यक्ति वा संस्थाको नाममा खाता खोल्ने वा खाता खोलिदिने,

(ग) आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानी जानी चेक काटी भुक्तानी लिने वा दिने ।

(घ) कुनै तरिकाले झुक्याई वा आफ्नो हो भनी विश्वास दिलाई अन्य व्यक्तिको चेक, चेकबुक वा खाताको विवरण माग गर्ने वा प्राप्त गर्ने ।

(ङ) एउटा व्यक्ति वा संस्थाको चेक, चेकबुक वा खाताको विवरण सम्बन्धित व्यक्तिले लिखित रूपमा अनुरोध गरेकोमा बाहेक अर्को कुनै व्यक्ति वा संस्थालाई दिने ।

(च) बैङ्क वा वित्तीय संस्थामा रहेको खाताबाट रकम निकाल्दा वा भुक्तानी दिंदा देहायको कार्य गर्ने

- अनधिकृत रूपमा अन्य व्यक्तिको खाताबाट रकम निकाल्ने,
- अन्य व्यक्तिको चेक चोरी गरी वा अन्य कुनै तरिकाले प्राप्त गरी त्यस्तो चेकबाट रकम निकाल्ने,
- अनधिकृत रूपमा ग्राहकको खाताबाट रकम रकमान्तर गर्ने वा नगद भुक्तानी दिने,
- नक्कली वा अन्य व्यक्तिको विनिमेय अधिकारपत्र, चेक, ड्राफ्ट वा यस्तै प्रकारका अन्य साधनहरू अनधिकृत रूपमा प्राप्त गरी नगद लिने वा भुक्तानी दिने ।
- क्रेडिट कार्ड, डेबिट कार्ड, अटोमेटेड टेलर मेशिन (एटीएम) कार्ड वा अन्य विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने

**✍ बैंङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिंदा वा दिंदा के कस्ता कार्य गर्न हुँदैन ?**

ऐनको दफा ७ मा उल्लेख भए अनुसार कसैले पनि बैङ्क वा वित्तीय संस्थाबाट कर्जा लिंदा वा दिंदा देहायको कार्य गर्नु हुँदैन :-

(क) गलत, झुट्टा वा नरहे नभएको वित्तीय विवरण पेश गरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिन वा दिन,

(ख) धितोको अस्वाभाविक रूपमा वढी मूल्याङ्कन गरी कर्जा लिन वा दिन,

Question Bank Nepal

(ग) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी कर्जा लिन वा दिन,

(घ) आफूलाई प्राप्त भएको अख्तियारी वा स्वीकृत सीमाभन्दा बाहिर गई कर्जा, सुविधा वा सहुलियत प्राप्त गर्न वा उपलब्ध गराउन,

(ङ) सहवित्तीयकरण अन्तर्गत प्रवाह हुने कर्जामा वाहेक कुनै एक बैङ्क वा वित्तीय संस्थालाई एकपटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुने गरी सोही सुरक्षण अर्को बैङ्क वा वित्तीय संस्थामा राखी पुन: कर्जा लिन वा दिन,

(च) वास्तविक रूपमा व्यवसाय सञ्चालन गर्न सक्ने वित्तीय हैसियत नभएको वा आफूले अनुचित प्रभाव पार्न सक्ने व्यक्तिको नाममा संस्था संस्थापना गराई त्यस्तो संस्था मार्फत कर्जा लिन वा त्यस्तो कुरा जानी जानी कर्जा दिन,

(छ) ग्राहकको कारोबारको तुलनामा आवश्यकताभन्दा बढी कर्जा दिन,

(ज) कर्जा सुविधा उपलब्ध गराए बापत कुनै किसिमको अनुचित लाभ लिन वा दिन ।

**बैंकिङ्ग कसुर गर्नेलाई के कस्तो दण्ड सजायको व्यवस्था रहेको छ ?**

ऐनको परिच्छेद ३ दफा १५ मा व्यवस्था भए अनुसार निम्न कसुर गर्नेलाई निम्न बमोजिमको दण्ड सजाय हुने व्यवस्था रहेको छ :

१. दफा ३ बमोजिम अनधिकृत रूपमा खाता खोले वा रकम भुक्तानी माग गर्ने कसुरमा, दफा ४ बमोजिम अनधिकृत रूपमा चेक, चेकबुक वा बैंङ्क विवरण प्राप्त गर्ने वा दिने कसुरमा र दफा ११ बमोजिम ऋणीको चालू परियोजनालाई नोक्सान हुने गरी ऋण वा सुविधा रोकेमा कसूरको मात्रा अनुसार दश हजार रुपैयाँसम्म जरिबाना हुने ।

२. दफा ५, ६ दफा ७ को खण्ड (घ), (ङ), (च), (छ) वा (ज), दफा ८, ९, १०, १२ वा दफा १४ बमोजिमको कुनै कार्य गरेमा त्यस्तो कसूरसँग सम्बन्धित देहायको विगो भएको कसुरमा बिगा भराई बिगो बमोजिमको जरिवाना र देहायबमोजिमको कैद हुने ।

क. दश लाख रुपैयाँसम्म बिगो भए - एक वर्षसम्म कैद

ख. दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए - एक वर्षदेखि दुई वर्षसम्म कैद

ग. पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए - दुई वर्षदेखि तीन वर्षसम्म कैद

घ. एक करोड रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि - तीन वर्षदेखि पाँच वर्षसम्म कैद ।



Question Bank Nepal

३. दफा ७ को खण्ड (क), (ख), (ग) बमोजिम गलत, झुट्टा वा नरहे नभएको वित्तीय विवरण पेश गरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिने वा दिने, धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी कर्जा लिने वा दिने, झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी कर्जा लिने वा दिने, र दफा १३ बमोजिम कर्जाको धितोस्वरुप बैङ्क वा वित्तीय संस्थामा राखिने चल अचल सम्पत्ति वा गैर बैङ्किङ्ग सम्पत्तिको रूपमा रहेको बैङ्क वा वित्तीय संस्थाको चल वा अचल सम्पत्ति लिलाम बिक्री वा बैङ्क सम्बन्धी अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी बैङ्क वा वित्तीय संस्थालाई हानि नोक्सानी पुऱ्याएको कसुरमा कसूरको मात्रा अनुसार त्यस्तो धितोको मूल्याङ्कन बराबरको रकम जरिवाना गरी पाँच वर्षसम्म कैद र त्यस्तो मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्तालाई मुद्दा हेर्ने अधिकारीले कसूरको मात्रा अनुसार सजाय भुक्तान भएको मितिले तीन वर्षसम्म मूल्याङ्कन गर्न नपाउने गरी रोक लाग्न सक्ने ।

४. बिगो जफत गरी बिगो कायम गर्न नसकिने अवस्था भएकोमा कसूरको मात्रा अनुसार दश लाख रुपैयाँसम्म जरिबाना र दुई वर्षसम्म कैद हुने ।

५. कुनै संस्थाले यस ऐन अन्तर्गतको कसूर गरेमा त्यस्तो कसूर गर्ने पदाधिकारी वा कर्मचारी पहिचान भएकोमा त्यस्तो पदाधिकारी वा कर्मचारी र पहिचान हुन नसकेमा कसूर गरेका बखत त्यस्तो संस्थाको कार्यालय प्रमुखको हैसियतमा काम गर्ने व्यक्ति जिम्मेवार हुने ।

६. बैङ्किङ्ग कसूर गर्न उद्योग गर्ने व्यक्ति वा संस्था वा त्यस्तो कसूर गर्न अप्रत्यक्ष रूपमा संलग्न व्यक्ति वा संस्था वा त्यस्तो कसूर गर्न सघाउ पुऱ्याउने व्यक्ति वा कसूर गर्न सघाउ पुऱ्याउने संस्थाको कर्मचारी वा प्रमुख कार्यकारी पदाधिकारी वा पदाधिकारीलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुने ।

७. यो ऐन अन्तर्गतको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीको प्रतिवेदनको आधारमा मुद्दा हेर्ने अधिकारीले छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्न सक्ने ।

**२. बैंकिङ्ग कसुर सम्बन्धी मुद्दाको कारबाही र किनारा कसरी हुने व्यवस्था रहेको छ ? संक्षेपमा उल्लेख गर्नुहोस् ।**

ऐनको परिच्छेद ४ मा दफा १७, १८ र १९ मा बैंकिङ्ग कसुर सम्बन्धी मुद्धाको कारवाही र किनारा निम्नानुसार हुने व्यवस्था रहेको छ :

- कुैन कसूर भएको कुरा थाहा पाएको मितिले एक वर्षभित्र जाहेरी दिन सकिने र त्यसरी जाहेरी परेको मितिले छ महिनाभित्र अदालत समक्ष मुद्दा दायर गरिसक्नु पर्ने,
- कुनै बैङ्क वा वित्तीय संस्थाको कर्मचारी वा पदाधिकारीले आफू कुनै पदमा बहाल रहेको अवस्थामा बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति हिनामिना वा हानि नोक्सानी गरी

Question Bank Nepal

बैङ्किङ्ग कसूर गरेको सम्बन्धमा त्यस्तो कर्मचारी वा पदाधिकारीउपर जहिलेसुकै पनि मुद्दा चलाउन सकिनेछ र यस्तो कर्मचारी वा पदाधिकारीले आफ्नो पदबाट अवकाश प्राप्त गरेपछि पनि मुद्दा चलाउन सकिने,

- यो ऐन अन्तर्गत सजाय हुने मुद्दा नेपाल सरकारवादी हुने,
- यो ऐन अन्तर्गतको कसूरमा तत्काल प्राप्त प्रमाणबाट छ महिना वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने बैङ्किङ्ग कसूरको कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएको कसुरमा कारबाही चलाइएको यक्तिले कुनै प्रमाण लोप वा नाश गर्न सक्ने वा अनुसन्धान तथा तहकिकातको कारवाहीमा बाधा व्यवधान वा प्रतिकूल असर पार्न सक्ने पर्याप्त कारण विद्यमान भएमा वा नेपालमा स्थायी बसोबास नभएको कुनै व्यक्तिलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले प्रचलित कानून बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न सक्ने,
- थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र अनुसन्धान तथा तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी अनुसन्धान तथा तहकिकात जारी राख्नु पर्ने देखिएमा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्ने र अनुमति लिन निज उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी अनुसन्धान तथा तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने,
- मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू एकैपटक वा पटक पटक गरी एकपटकमा दश दिनमा नबढ्ने गरी बढीमा पैंतालीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्ने ।

## (४) सम्पत्ति शूद्धीकरण(मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (Anti Money Laundering Act, 2064)

**✍ सम्पत्ति सुद्धिकरण निवारण (Anti money Laundering) भनेको के हो ? परिचय दिनुहोस् ।**

गैरकानुनी कार्य व्यवहार गरी आर्जन गरेको धन वा सम्पत्ति कानुनी स्रोतबाट आएको देखाउने वा कालो धनलाई सेतो बनाउने कार्य रोक्न कानुनसम्मत तरीकाले जे जस्ता आवश्यक कामकारवाहीहरू गरिन्छन् तिनै कामकारवाहीहरूको समग्र रुपलाई सम्पत्ति सुद्धिकरण निवारण (Anti Money Laundering) भनिन्छ । यसलाई आर्थिक अपराधको विभिन्न चक्र सञ्चालन गर्दै गराउँदै समग्रमा देशलाई ठग्ने अपराधी व्यक्ति विरुद्धको कार्यका रूपमा लिइन्छ । कसैले सम्पत्तिको यथार्थ स्रोत वा लक्ष्य लुकाउने, बदल्ने, छल्ने, छुटाउने, झुक्याउने वा कुनै कानूनी तरीकाले आर्जन भएको वा गरेको देखाउने झेलपूर्ण कार्य गर्दछन् र राज्य संयन्त्रलाई माध्यम वनाई देशीय वा अन्तरदेशीय रूपमा समेत कार्यसञ्जाल निर्माण गरी गराई आर्थिक अपराधको चक्र सञ्चालन गर्दछन् भने त्यस्ता कामलाई रोक्ने काम सम्पत्ति शुद्धिकरण निवारणले गर्दछ । सम्पत्ति शुद्धिकरणको कामले

Question Bank Nepal

आर्थिक अपराध र अपराधीलाई नै शक्तिशाली बनाउँदछ। अर्थतन्त्रमा सम्पत्ति शुद्धिकरणका नकारात्मक प्रभावहरूबाट बच्नका लागि सम्पत्ति सुद्धिकरण निवारणको कार्य आवश्यक हुन गएको हो ।

सम्पत्ति शुद्धिकरणको वित्तीय अपराधले मुलुकको अर्थतन्त्रलाई नकारात्मक असर पार्दछ। गैरकानूनी आर्जन अरु थप गैरकानुनी आर्जनका लागि देशीय वा अन्तरदेशीय सीमासम्म लगानी हुनसक्छ। क्रमश: यो प्रवृत्ति अनुसार हुँदै आतंकवादी कार्यमा सम्म पुग्न सक्छ। यसले मानव कल्याणका निमित्त चुनौति दिइरहन्छ। यस्ता प्रकारका कामकारवाही रोक्का वा निवारण गर्न गराउन नेपालमा पनि सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ र सो ऐन अन्तरगत सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) नियमावली २०६६ जारी भई लागू भइसकेका छन्। सम्पत्ति शुद्धिकरण निवारण कार्यका लागि सम्पत्ति सुद्धिकरण नियन्त्रण विभाग र नेपाल राष्ट्र बैंक मा वित्तीय जानकारी इकाई स्थापित भएका छन्। त्यस्तै संगठित अपराध र सुपुर्दगी सम्बन्धी कानून समेत अध्यादेश मार्फत जारी भएका छन्।

**✍ कस्तो कसुरलाई सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर मानिन्छ ?**

सम्पत्ती सुद्धिकरण ऐन, २०६४ को दफा ३ मा उल्लेख भए अनुसार निम्न मध्ये कुनै कार्य गरेमा त्यस्तो कार्यलाई सम्पत्ती सुद्धिकरण गरेको मानिन्छ :

- सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने वा छल्ने वा कसूरमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिव आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने,
- कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिव आधार हुँदा हुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, नि:सर्ग ( डिस्पोजिसन), कारोबार (मुभमेण्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, वा
- कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिव आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने ।
- माथि उल्लिखित कुनै कार्यको षड्यन्त्र, मद्दत, दुरुत्साहन, सहजीकरण, मतसल्लाह वा उद्योग गर्ने वा सम्वद्धता वा सहभागिता जनाउने वा मतियार हुने कार्य ।

**✍ सम्पत्ति सुद्धिकरण निवारण ऐन, ०६४ अनुसार आतङ्ककारी क्रियाकलापमा लगानी गरेको मानिने आधारबारे उल्लेख गर्नुहोस् ।**

सम्पत्ती सुद्धिकरण ऐन, २०६४ को तफा ४ मा कुनै व्यक्तिले आतङ्ककारी कार्यमा वा आतङ्ककारी व्यक्ति वा आतङ्ककारी सङ्गठनले पूर्ण वा आंशिक रूपमा प्रयोग गर्ने वा गर्न

Question Bank Nepal

सक्ने कुरा थाहा पाउँदा पाउँदै गैरकानूनी मनसायले स्वेच्छापूर्ण कुनै पनि माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्पत्ति वा कोष उपलब्ध गराउन वा सङ्कलन गर्न र त्यस्तो कार्यको उद्योग गर्न समेत नहुने, भौतिक सहयोग वा साधन स्रोत उपलब्ध गराउन वा सोको षड्यन्त्र गर्न नहुने, त्यस्तो कार्य गर्न मतियारको रूपमा काम गर्ने, त्यस्तो कार्य गर्न अन्य व्यक्तिलाई संगठित गर्ने वा निर्देशन दिने, वा त्यस्तो कार्य गर्ने वा त्यस्तो कार्य गर्ने सामूहिक उद्देश्य राख्ने व्यक्तिहरूको समूहलाई अपराधिक कार्यमा बढवा दिन वा त्यस्तो उद्देश्य हासिल गर्न जानी जानी योगदान दिने कार्य कसैले पनि गर्न नहुने व्यवस्था गरेको छ। यस्ता कार्यका समबन्धमा देहायको अवस्था विद्यमान भएमा समेत आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी गरेको हुने व्यवस्था रहेको छ। यी कुनै कार्य गरेमा त्यस्तो कार्य आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर हुने समेत यसमा उल्लेख छ।

(क) आतङ्ककारी कार्य नभएमा वा सोको उद्योग नभएमा,

(ख) सम्पत्ति वा कोष कुनै आतङ्ककारी कार्य वा सोको उद्योगमा वास्तविक रूपमा प्रयोग नभएमा,

(ग) सम्पत्ति वा कोष कुनै खास आतङ्ककारी कार्यसँग सम्बन्धित भए वा नभएमा,

(घ) आतङ्ककारी कार्य वा आतङ्ककारी कार्य गर्न खोजिएको कार्य वा सो कार्य भएको वा गर्न खोजिएको मुलुक वा भूभाग वा अन्यत्र जहाँसुकै भएमा वा हुने भएमा,

(ङ) आतङ्ककारी व्यक्ति वा आतङ्ककारी सङ्गठन त्यस्तो कार्य गर्ने व्यक्ति रहेको मुलुक वा भूभागमा रहे वा नरहेमा वा अन्यत्र रहेमा, वा

(च) सम्पत्ति वा कोष वैधानिक वा अवैधानिक जुनसुकै स्रोत वा माध्यमबाट सङ्कलन गरिएको वा उपलब्ध गराइएको भएमा।

साथै सम्पत्ति सुद्धिकरण सम्वन्धी कसुर वा आतंककारी क्रियाकलापमा वित्तीय लगानी गरेको कसुर हुने कुनै कार्य विदेशी मुलुक वा भूभागमा भएको र त्यस्तो कार्य सो मुलुकको कानून बमोजिम पनि कसूर हुने भएमा त्यस्तो कार्य नेपालमा भएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर हुने समेत ऐनले स्पष्ट व्यवस्था गरेको छ।

## ८. शेल बैंङ्क भनेको के हो ?

सम्पत्ति सुद्धिकरण ऐन, २०६४ ले संस्थापना भएको वा अनुमति प्राप्त गरेको मुलुकमा भौतिक रूपमा उपस्थिति नरहेको वा प्रभावकारी नियमन तथा सुपरीवेक्षणको कुनै पनि दायरामा नरहेको वित्तीय संस्था वा वित्तीय संस्थाको समूहलाई शेल बैङ्क भनिन्छ। यसले स्थानीय प्रतिनिधि वा तल्लो तहको कर्मचारीको उपस्थिति भएको अवस्थालाई पनि भौतिक रूपमा उपस्थिति नरहेको मानेको छ। ऐनको दफा ७ ले नेपालमा वा नेपालको भूभाग मार्फत् शेल बैंङ्क स्थापना तथा सञ्चालन गर्न नहुने नेपालको कुनै वित्तीय संस्थाले शेल बैंङ्क वा शेल बैङ्कलाई कारोबार गर्न दिने कुनै पनि वित्तीय वा अन्य संस्थासँग



Question Bank Nepal

व्यावसायिक सम्बन्ध स्थापना गर्न वा त्यस्तो व्यावसायिक सम्बन्धलाई निरन्तरता दिन हुँदैन ।

**✍ सम्पत्ति शुद्धिकरण ऐन, २०६४ मा कस्ता संस्थाले कस्तो कार्य गर्दा ग्राहकको पहिचान गर्नुपर्दछ ?**

यस ऐनले वित्तीय संस्था वा गैरवित्तीय पेशाकर्मी वा व्यवसायीलाई सूचक संस्थाका रूपमा लिएको छ । यस्ता संस्थाले देहाय बमोजिमका कारोवार गर्दा भरपर्दो स्रोतबाट प्राप्त कागजात, तथ्यांक वा जानकारीका आधारमा ग्राहकको पहिचान तथा सो को सम्पुष्टि गर्नुपर्छ :

(क) व्यावसायिक सम्बन्ध स्थापना गर्दा,
(ख) खाता खोल्दा,
(ग) तोकिएको रकमभन्दा बढीको आकस्मिक कारोवार गर्दा,
(घ) विद्युतीय माध्यमबाट कोष स्थानान्तरण (वायर ट्रान्सफर) गर्दा,
(ङ) विद्युतीय पहिचानको लागि पहिले लिएको जानकारीको सत्यता वा पर्याप्ततामा शङ्का लागि थप सम्पुष्टि गर्नु पर्दा,
(च) सम्पत्ति शुद्धीकरण वा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी भएको शङ्का लागि थप सम्पुष्टि गर्नु पर्दा,
(छ) उच्च जोखिमयुक्त ग्राहक वा उच्चपदस्थ व्यक्तिले प्रत्येक कारोबार गर्दा, वा
(ज) नियमनकारी निकायले तोकिदिएको अन्य कुनै कार्य गर्दा ।

**✍ कारोवार गर्ने सूचक संस्थाले ग्राहकको पहिचान कसरी गर्नुपर्दछ ?**

सूचक संस्थाले ग्राहकसँग तोकिएका न्यूनतम कागजात लिनु पर्ने तथा यसका आधारमा ग्राहकको पहिचान गर्दा तथा पहिचानको सम्पुष्टि गर्दा स्वतन्त्र तथा भरपर्दो स्रोत सहितको कागजात, तथ्याङ्क वा जानकारी प्रयोग गर्नुपर्छ । यसका लागि संस्थाले निम्न उपायहरू अवलम्बन गर्नु पर्दछ :

(क) कारोबार वा व्यावसायिक सम्बन्ध तथा सोको उद्देश्य वा लक्षित प्रकृतिको बारेमा उपयुक्त सूचना तथा जानकारी लिने,
ख) ग्राहक प्राकृतिक व्यक्ति भएमा तोकिएका कागजात समेतका आधारमा निजको नाम, ठेगाना र जन्ममिति लगायतका विवरण प्राप्त गर्ने,
(ग) ग्राहक कानूनी व्यक्ति वा कानूनी प्रबन्ध भएमा तोकिएका कागजात समेतका आधारमा सोको स्वामित्व तथा नियन्त्रण पद्धतिको बारेमा सूचना तथा जानकारी लिने तथा सम्पुष्टि गर्ने,
(घ) अन्य व्यक्तिको तर्फबाट व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गर्ने भए जसका तर्फबाट त्यस्तो सम्बन्ध वा कारोबार गर्न खोजिएको हो निज तथा निजको तर्फबाट काम गर्ने व्यक्तिको पहिचान तथा सम्पुष्टि गर्ने र अख्तियारनामा सहितको कागजात लिने,
(ङ) यस परिच्छेद बमोजिमको दायित्व पूरा गर्न ग्राहक, कारोबार वा व्यवसायको



Question Bank Nepal

प्रकार तथा प्रकृतिका सम्बन्धमा आवश्यक अन्य सूचना तथा जानकारी लिने,

(च) नियमनकारी निकायले तोकिदिएको अन्य उपाय अवलम्बन गर्ने ।

**सम्पत्ति सुद्धिकरण ऐनले उच्चपदस्थ व्यक्तिको पहिचान गर्न कस्तो विशेष व्यवस्था गरेको छ ?**

ऐनको दफा ७ ख मा सूचक संस्थाले आफ्नो ग्राहक वा वास्तविक धनी वा ग्राहक बन्न खोज्ने व्यक्ति उच्चपदस्थ व्यक्ति भए वा नभएको यकिन गर्न जोखिम व्यवस्थापन प्रणालीको व्यवस्था गर्नु पर्ने व्यवस्था गरेको छ । विदेशी उच्चपदस्थ व्यक्ति र व्यावसायिक कारणले उच्च जोखिमयुक्त देखिएको अन्तर्राष्ट्रिय संस्थाको उच्चपदस्थ व्यक्ति वा स्वदेशी उच्चपदस्थ व्यक्तिसँग व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा देहायको अतिरिक्त उपाय अपनाउनु पर्छ । यो व्यवस्था त्यस्तो व्यक्तिको परिवारका सदस्यका हकमा समेत अपनाउनु पर्दछ ।

- संस्थाको विद्यमान ग्राहक उच्च पदस्थ व्यक्ति भएको थाहा हुन आएमा वा कुनै व्यक्तिसँग नयाँ व्यावसायिक सम्बन्ध स्थापना गर्नु अघि सूचक संस्थाको व्यवस्थापन हेर्ने उच्च अधिकारीको स्वीकृति लिने,
- ग्राहक वा वास्तविक धनीको सम्पत्ति, धन तथा कोषको स्रोत पहिचान गर्नपर्याप्त उपाय अवलम्बन गर्ने,
- ग्राहक तथा निजसँगको व्यावसायिक सम्बन्ध वा कारोबारको सम्बन्धमा निरन्तर रूपमा अनुगमन गर्ने,
- बृहत ग्राहक पहिचान सम्बन्धी उपाय अवलम्बन गर्ने ।

**सूचक संस्थाहरूले ग्राहकको पहिचान सम्बन्धमा के कस्ता कुराहरूको पहिचान गर्नु पर्दछ ?**

सम्पत्ति सुद्धिकरण ऐनले कारोवार गर्ने सूचक संस्थाले आफ्ना ग्राहकको पहिचान सम्बन्धमा विभिन्न दफामा गरेको व्यवस्था निम्नानुसार छन् :

**वास्तविक धनिको पहिचान** : व्यावसायिक सम्बन्ध स्थापित गर्दा वा कारोवार गर्दा सम्बन्ध स्थापना गर्न लागिएको व्यक्ति वा संस्थाको वास्तविक धनीको पहिचान तथा सम्पुष्टि गर्ने उपाय अवलम्बन गर्नुपर्ने र अन्य कुनै व्यक्तिको तर्फबाट व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार सम्बन्धी काम कारबाही गरे वा नगरेको यकिन गर्नु पर्ने ।

**जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन** : सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको पहिचान तथा मूल्याङ्कन गर्नु पर्ने, जोखिमका सबै पक्षहरूको विश्लेषण गरी जोखिमको स्तर निर्धारण गर्नुपर्ने र सो को लिखित अभिलेख राख्नु पर्ने र त्यस्तो अभिलेख ग्राहक पहिचानमा प्रयोग गर्नुपर्ने । यसो गर्दा सूचक संस्थाले आफ्नो देश, भौगोलिक क्षेत्र, व्यवसाय वा पेशा, कार्यक्षेत्र, ग्राहक,



Question Bank Nepal

सेवा वा उत्पादन, कारोबार तथा वितरण माध्यम समेतलाई आधार लिनु पर्ने । जोखिम मूल्यांकनको आवधिक रूपमा अद्यावधिक गर्नुपर्ने, अभिलेख नियमनकारी निकायलाई उपलब्ध गराउनु पर्ने ।

**बृहत् ग्राहक पहिचान** : जोखिम मूल्याङ्कनवाट उच्च जोखिमयुक्त देखिएको ग्राहक, जटिल, आर्थिक वा कानुनी उद्देश्य स्पष्ट नगरी ठूलो वा अस्वाभाविक प्रकृतिको कारोवार गर्ने, उच्च पदस्थ व्यक्ति वा निजसँग सम्बन्धित व्यक्ति,

आर्थिक वा कानूनी उद्देश्य स्पष्ट नदेखिने जटिल, ठूलो वा अस्वभाविक प्रवृत्तिको कारोबार गर्ने ग्राहक, खास प्रकृतिको कारोवार गर्ने ग्राहक, उच्च जोखिमयुक्त नयाँ उपकरण प्रयोग गर्ने ग्राहक तथा अन्य सम्पत्ति सुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा लगानी गर्ने भनि शंका गरिएका संकास्पद ग्राहकहरूको सम्वन्धमा नियमनकारी निकायले निर्धारण गरेका उपायहरू समेतको आधारमा बृहत् ग्राहक पहिचान सम्वन्धी उपयुक्त उपायहरू अपनाउनु पर्ने,

**सरलीकृत ग्राहक पहिचान** : सूचक संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिम कम देखिएको ग्राहक वा कारोबारका सम्वन्धमा सरलीकृत ग्राहक पहिचान तथा सम्पुष्टि सम्वन्धी व्यवस्था अपनाउन सक्ने तर उच्च जोखिमयुक्त ग्राहक, कारोबार वा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको आशंका देखिएको कारोबारको हकमा भने सरलीकृत ग्राहक पहिचान विधि प्रयोग गर्न नमिल्ने,

**विद्यमान ग्राहकको पहिचान** : ऐनको विद्यमान ग्राहकको पहिचान सम्बन्धी दफा प्रारम्भ हुँदाका बखत खाता सञ्चालन गरिरहेका वा व्यावसायिक सम्बन्ध कायम रहेका विद्यमान ग्राहक तथा वास्तविक धनीको प्रकार र प्रकृति, व्यवासयिक सम्बन्ध, कारोवार, उत्पादन वा सेवा, देश वा भौगोलिक क्षेत्र वा वितरण प्रणालीको जोखिमका आधारमा ग्राहकको पहिचान तथा सम्पुष्टि गर्नु पर्ने :

**ग्राहकको पहिचान गर्नु पर्ने समय:** सूचक संस्थाले खाता खोल्नु वा व्यावसायिक सम्वन्ध कायम गर्नु अगावै, व्यावसायिक सम्बन्ध कायम रहेको अवस्थामा तथा आकस्मिक कारोबार (अकेजनल ट्रान्जेक्सन) गर्दा वा व्यावसायिक सम्वन्ध स्थापना वा कारोवार भएपछि पनि ग्राहक तथा वास्तविक धनीको पहिचान तथा सोको सम्पुष्टि गर्नुपर्ने ।

**निरन्तर अनुगमन गर्ने:** सूचक संस्थाले ग्राहकसँग व्यावसायिक करोवार रहेसम्म ग्राहक, वास्तविक धनी वा कारोबारका सम्बन्धमा निरन्तर अनुगमन (अनगोइङ ड्यू डिलिजेन्स) गर्नु पर्ने । यसमा सुक्ष्म परीक्षण, स्रोतको माग र परीक्षण, मौजुदा कागजात वा विवरण पुनरावलोकन, रकम स्थानान्तरण सम्बन्धी कारोवार तथा अन्य कारोवारको निरन्तर अनुगमन गर्नुपर्ने :

Question Bank Nepal

**तेस्रो पक्षबाट ग्राहक पहिचान तथा सम्पुष्टि गराउने** : देहायको अवस्थामा सूचक संस्थाले ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी केही कार्य तेस्रो पक्षबाट गराउन सक्नेः

- ग्राहकको पहिचान तथा सम्पुष्टि यस परिच्छेद बमोजिम हुने कुरामा सूचक संस्था विश्वस्त भएमा,
- ग्राहकको पहिचान तथा सम्पुष्टि गर्न प्रयोग गरिएका सम्पूर्ण कागजात तथा विवरण सम्वन्धी जानकारी सूचक संस्थालाई तत्काल प्राप्त भएमा, र
- ग्राहक पहिचान तथा सम्पुष्टि गर्न प्रयोग गरिएका सम्पूर्ण कागजात, विवरण तथा जानकारी सूचक संस्थाले मागेका बखत बिना कुनै विलम्ब प्राप्त हुने सुनिश्चित भएमा ।

**नयाँ प्रविधि वा आफैँ उपस्थिति नहुने ग्राहक वा कारोबार सम्बन्धमा**: सूचक संस्थाले प्रचलनमा आइसकेका वा नयाँ उपकरण तथा व्यापारिक अभ्यास, आफैं उपस्थित नहुने ग्राहक वा कारोबार, वितरण प्रणाली वा नवीन वा विकासको क्रममा रहेको प्रविधिबाट सिर्जना हुन सक्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको पहिचान तथा सोको मूल्याङ्कन त्यस्तो उपकरण, व्यापारिक अभ्यास, वितरण प्रणाली वा प्रविधि प्रयोगमा ल्याउनु अगावै गर्नु पर्ने र जोखिमको व्यवस्थापन गर्न पर्याप्त उपाय अपनाउनु पर्ने ।

**✍ सम्पत्ति सुद्धिकरण ऐनले वायर स्थानान्तरण (ट्रान्सफर) गर्दा ग्राहकको पहिचानको लागि कस्तो विवरण लिनु पर्ने व्यवस्था गरेको छ ?**

यस ऐनले प्रचलित कानून बमोजिम जुनसुकै मुद्रा वा जतिसुकै रकमको वायर स्थानान्तरण गर्नु अगावै देहाय बमोजिमको विवरण तथा जानकारी लिई ग्राहकको सही पहिचान तथा सम्पुष्टि गर्नु पर्ने व्यवस्था गरेको छ । यो व्यवस्था ब्याच फायलमा जम्मा हुने वायर स्थानान्तरणको हकमा समेत लागू हुन्छ ।

(क) उत्पत्तिकर्ताको नाम,

(ख) उत्पत्तिकर्ताको खाता नम्बर र खाता नभएको अवस्थामा कारोबार पहिचान हुन सक्ने छुट्टै सङ्केत नम्बर,

(ग) उत्पत्तिकर्ताको ठेगाना वा सो नभएको अवस्थामा निजको जन्ममिति र जन्मस्थान वा नागरिकता नम्बर वा राष्ट्रिय परिचयपत्र नम्बर वा ग्राहक पहिचान नम्बर,

(घ) हिताधिकारीको नाम तथा खाता नम्बर र खाता नभएको अवस्थामा कारोबार पहिचान हुन सक्ने छुट्टै सङ्केत नम्बर,

(ङ) नियमनकारी निकायले तोकिदिएको अन्य विवरण वा जानकारी ।

Question Bank Nepal

तर कारोबार भएको व्यहोरा कार्डमा देखिने गरी डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड मार्फत् वस्तु वा सेवा खरीदको परिणाम स्वरूप भएको वायर स्थानान्तरणमा र वित्तीय संस्थाहरूबीच आफैँले आफ्नो खातामा वायर स्थानान्तरण यस्तो विवरण लिनु नपर्ने व्यवस्था छ । वायर ट्रान्सफरको अभिलेख ५ वर्षसम्म राख्नुपर्ने र अन्य पक्षबाट समेत ग्राहक पहिचान र जोखिम विश्लेषण गर्नुपर्ने आवश्यक व्यवस्था रहेको छ ।

**२८. सम्पत्ति सुद्धिकरण ऐनले सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्धमा कस्तो व्यवस्था गरेको छ ?**

कुनै एक वित्तीय संस्थाले आफ्नो ग्राहकलाई अर्को वित्तीय संस्थामार्फत् बैकिङ्ग सेवा उपलब्ध गराउने व्यवस्थालाई करेस्पोडिङ्ग बैकिङ्ग हो । सम्पत्ति सुद्धिकरण ऐनले वित्तीय संस्थाले प्रचलित कानून बमोजिम सीमापार करेस्पोण्डिङ्ग बैङ्किङ्ग सम्बन्ध कायम गर्दा तथा कारोवार गर्दा देहाय बमोजिमको उपाय अपनाउनु पर्ने व्यवस्था गरेको छ:-

(क) रेस्पोण्डेण्ट वित्तीय संस्थाको पहिचान तथा सम्पुष्टि गर्ने,

(ख) रेस्पोण्डेण्ट वित्तीय संस्थाले गर्ने काम कारबाहीको सम्वन्धमा पर्याप्त जानकारी हासिल गर्ने,

(ग) प्राप्त जानकारी समेतका आधारमा रेस्पोण्डेण्ट वित्तीय संस्थाले गर्ने व्यवसायको प्रकृति पूर्ण रूपमा थाहा पाउने,

(घ) सार्वजनिक रूपमा उपलब्ध सूचनाको आधारमा रेस्पोण्डेण्ट वित्तीय संस्थाको प्रतिष्ठा, सो उपर हुने सुपरीवेक्षणको गुणस्तर तथा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अनुसन्धान वा नियमन सम्बन्धी कारबाहीमा परे नपरेको समेतका सम्वन्धमा मूल्याङ्कन गर्ने,

(ङ) रेस्पोण्डेण्ट वित्तीय संस्थाको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण प्रणाली तथा सोको पर्याप्तताको मूल्याङ्कन गर्ने,

(च) करेस्पोण्डिङ्ग बैङ्किङ्ग सम्वन्ध कायम गर्नु पूर्व आफ्नो व्यवस्थापन हेर्ने उच्च अधिकारीको स्वीकृति लिने,

(छ) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा आ-आफ्नो जिम्मेवारी स्पष्ट रूपमा थाहा पाउने,

(ज) भुक्तानी दिने खाता (पेएवल थ्रु एकाण्ट) को प्रयोग गर्ने ग्राहकको सम्वन्धमा रेस्पोण्डेण्ट वित्तीय संस्थाले यस परिच्छेद बमोजिमको ग्राहक पहिचान तथा सोको सम्पुष्टि सम्बन्धी व्यवस्था पालना गरे वा नगरेको, त्यस्तो ग्राहक उपर नियमित अनुगमन पद्धतिको कार्यान्वयन गरे वा नगरेको तथा माग गरेको वखत आफूलाई आवश्यक विवरण उपलब्ध गराउन सक्षम रहे वा नरहेको सुनिश्चित गर्ने,

(झ) शेल बैङ्कसँग व्यावसायिक सम्बन्ध स्थापना वा कारोवार नगर्ने तथा गरिरहेको भए निरन्तरता नदिने कुराको सुनिश्चित गर्ने, र

QuestionBank Nepal